10 July 2024

National News

मुख्य समाचार

- भियनामा प्रधानमन्त्री श्री नरेन्द्र मोदी अनि अस्ट्रियाका चान्सलर श्री कार्ल नेहमरबीच द्विपक्षीय वार्ता सम्पन्न
- अस्ट्रियाका कम्पनीहरूलाई भारतमा लगानी गर्न श्री मोदीले गर्नुभयो आह्वान
- उत्तर प्रदेश सडक दुर्घटनामा 18 जनाको मृत्यु
- मुस्लिम महिलालाई पतिबाट गुजरा भत्ता प्राप्त गर्ने अधिकार रहेको सर्वोच्च अदालतको फसैला
- श्री नड्डाले डेंगुको विस्तार रोक्नथामका लागि भइरहेको तयारीको गर्नुभयो समीक्षा,
- तेस्रो टी 20 क्रिकेट म्याचमा भारतले जिम्बाबेलाई दियो 183 रनको लक्ष्य

प्रधानमन्त्री यात्रा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भियनामा अस्ट्रियाका चान्सलर श्री कार्ल नेहमरसँग द्विपक्षीय सम्बन्धबारे वार्ता गर्नु भयो। बैठकमा व्यापार तथा लगानी, विज्ञान तथा प्रविधि, हरित ऊर्जा, आर्टिफिसियल इन्टेलिजेन्स, स्टार्टअप, पर्यावरण तथा जलवायु परिवर्तन, सांस्कृतिक सहयोग र आपसी सम्बन्धका विषयमा छलफल भएका थिए ।

दुई नेताबीच आपसी हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल भएका थिए। भेटपछि श्री मोदीले जलवायु परिवर्तन र आतंकवाद लगायतका मानवताले सामना गर्ने सबैभन्दा ठूला चुनौतीबारे छलफल गरेको बताउनु भयो। उहाँले भन्नुभयो, अस्ट्रियालाई अन्तर्राष्ट्रिय सौर्य गठबन्धन, आपदा प्रतिरोधी पूर्वाधार र जैव ईन्धन गठबन्धन लगायतका भारतको पहलमा सामेल हुन आमन्त्रण गरिएको छ।

प्रधानमन्त्रीले लोकतन्त्र र विधिको शासन जस्ता मूल्यहरूमा साझा विश्वास भारत र अस्ट्रियाबीचको सम्बन्धको बलियो आधार भएको बताउनु भयो। उहाँले आपसी विश्वास र साझा हितले सम्बन्ध सुदृढ हुने बताउनु भयो । श्री मोदीले चान्सलर श्री नेहमारसँगको अत्यन्तै फलदायी कुराकानीमा पारस्परिक सहयोगलाई थप बलियो बनाउन नयाँ सम्भावनाको पहिचान भएको बताउनु भएको छ।

श्री मोदीले युक्रेन र पश्चिम एसियाको अवस्थासहित विश्वमा चलिरहेका सबै द्वन्द्वका बारेमा पनि विस्तृत रूपमा छलफल भएको बताउनु भयो।

भेटमा दुवै नेताले संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय संस्थानहरूलाई प्रभावकारी बनाउन सुधार गर्नुपर्नेमा विषयमा जोड दिएका थिए ।

यसपछि, प्रधानमन्त्री श्री नरेन्द्र मोदी र अस्ट्रियाका चान्सलर श्री कार्ल नेहमरले भियनाको होफबर्ग प्यालेसमा आयोजित गोलमेज व्यापार बैठकमा भारत र अस्ट्रियाका सीईओहरूलाई संयुक्त रूपमा सम्बोधन गर्नुभयो। श्री मोदीले पूर्वाधार, नवीकरणीय ऊर्जा, हरित क्षेत्रहरू, नयाँ र उदीयमान प्रविधिहरू, फिनटेक, स्टार्ट-अपहरू, नवप्रवर्तनलगायत विभिन्न क्षेत्रमा भारतीय र अस्ट्रियाका कम्पनीहरू बीचको सहयोगको महत्वपूर्ण सम्भावनालाई प्रकाश पार्नुभयो। उहाँले अस्ट्रियाका कम्पनीहरूलाई भारतमा लगानी गर्न आह्वान पनि गर्नुभयो।

यसभन्दा अघि प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई आज भियनामा औपचारिक स्वागत गरिएको थियो । दुई देशको भ्रमणको दोस्रो चरणमा प्रधानमन्त्री श्री मोदी मस्कोबाट हिजो भियना पुग्नु भएको थियो।

श्री मोदीको आगमनमा भारतीय समुदायका मानिसले उहाँलाई न्यानो स्वागत गरेका थिए।

बितेको ४१ वर्षमा भारतीय प्रधानमन्त्रीको अस्ट्रियाको यो पहिलो भ्रमण हो। यस भ्रमणको क्रममा श्री मोदीले अस्ट्रियाका राष्ट्रपति श्री अलेक्जेन्डर डर भान डेर बेलेनसँग पनि भेट गर्नुहुनेछ ।

## उत्तर प्रदेश दुर्घटना

आज बिहान उत्तर प्रदेशको उन्नाव जिल्लाको बांगरमाउ नजिकै लखनउ-आगरा एक्सप्रेसवेमा दुधको ट्याङ्करसँग डबल डेकर बस ठोक्किँदा कम्तीमा १८ जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन्। यो बस बिहारको सीतामढीबाट दिल्ली गइरहेको थियो ।
घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भइरहेको पुलिसले जनाएको छ।
राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सडक दुर्घटनामा परी ज्यान गुमाउनेहरू प्रति दुःख व्यक्त गर्नका साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

## सर्वोच्च अदालत - मुस्लिम महिला

सर्वोच्च अदालतले दण्ड प्रक्रिया संहिताको धारा १२५ अन्तर्गत मुस्लिम महिलालाई आफ्नो पतिबाट गुजरा भत्ता प्राप्त गर्ने अधिकार रहेको जनाएको छ। न्यायमूर्ति बीभी नागरत्ना र न्यायमूर्ति अगस्टिन जर्ज मसिहको खण्ड पीठले यस मामिलामा दायर गरिएको याचिका रद्द गऱ्यो। जसमा एक व्यक्तिले धारा १२५ सीआरपीसी अन्तर्गत आफ्नी सम्बन्ध विच्छेद भएकी पत्नीलाई गुजारा भत्ता भुक्तान गर्ने निर्देशनको बिरूद्ध याचिका दर्ता गरेका थिए।

## नड्डा-डेंगु समीक्षा बैठक

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगतप्रकाश नड्डाले आज मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँग देशमा डेंगुको विस्तार रोक्नथामका लागि भइरहेको तयारीको आकलन गर्न समीक्षा बैठक गर्नुभयो। नयाँ दिल्लीमा भएको बैठक पछि, श्री नड्डाले भन्नुभयो, मन्त्रालयले डेंगुको रोकथाम र व्यवस्थापनका लागि योजनाहरू तयार गरिरहेको छ र राज्यहरूसँग मिलेर काम गरिरहेको छ। मन्त्रालयले २४ सै घण्टा डेंगु हेल्पलाइन सञ्चालन गर्ने उहाँले जानकारी दिनु भयो। उहाँले आगामी चार-पाँच दिनमा डेंगु हेल्पलाइन सुरु गर्न राज्यहरूलाई निर्देश दिइएको बताउनु भयो। श्री नड्डाले स्वास्थ्य मन्त्रालयले शिक्षा, आवास र शहरी विकास मन्त्रालयहरूसँग राम्रो समन्वय र योजना बनाउन अन्तर-क्षेत्रीय र अन्तर-विभागीय बैठकहरू गर्ने बताउनु भयो। स्वास्थ्यमन्त्रीले केन्द्रीय अस्पतालहरूलाई डेंगु उपचार वार्ड तयार गर्न, समर्पित व्यवस्थापन र चौबीसै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउन निर्देशन दिनु भएको छ। यस बाहेक राज्यहरूलाई स्कूलहरूको लागि दिशानिर्देश जारी गर्न परामर्श दिइएको छ।

## महाराष्ट्र उपराष्ट्रपति

उपराष्ट्रपति एवम् राज्यसभा सभापति श्री जगदीप धनखडले भोलि महाराष्ट्र विधानसभालाई सम्बोधन गर्नु हुनेछ। दुवै सदनलाई सम्बोधन गर्न विधानसभा अध्यक्ष अनि विधान परिषद्का सभापतिको निम्तोलाई श्री धनखडले स्वीकार गर्नुभएको छ।

## ITBP-लद्दाख

भारत-तिब्बत सीमा पुलिस ITBP ले पूर्वी लद्दाखको सिरीगापाल नजिकै 108 किलोग्राम तौलको 108 वटा सुनका बिस्कुटहरू प्राप्त गरेको छ।
21 औं बटालियनका डेपुटी कमान्डेन्ट श्री दीपक भट्टको नेतृत्वमा रहेको टोलीले लामो दूरीको गस्ती गर्दै गर्दा सुनका विस्कुटहरू फेला पारेको आईटीबीपीले जनाएको छ। ITBP ले यस मामिलामा दुई जना संदिग्धहरूलाई पक्राउ गरेको छ।

## उपचुनाउ

सात राज्यहरू- पश्चिम बंगाल, पञ्जाब, बिहार, तमिलनाडु, मध्यप्रदेश, उत्तराखण्ड अनि हिमाचल प्रदेशका 13 विधानसभा सीटका लागि आज उपचुनाव शान्तिपूर्ण सम्पन्न भयो। मतदान बिहान सात बजी शुरू भएको थियो। मतगणना 13 तारीख हुनेछ।

यसै बीच, वरिष्ठ उप निर्वाचन आयुक्त श्री नितेश व्यास और श्री धर्मेन्द्र शर्माको अध्यक्षतामा छ सदस्यीय निर्वाचन आयोगको दल चुनाउको तयारी विषय समीक्षा गर्न झारखण्डको दुई दिने भ्रमणमा आज बेलुकी राँची पुगेको छ। यस वर्षको अन्तमा झारखण्डमा विधानसभा चुनाउ हुनेछ।

<u>बिमस्टेक –सम्मेलन</u>

बंगालको खाड़ी बहु-क्षेत्रीय प्राविधिक अनि आर्थिक सहयोग पहल बिमस्टेक का विदेशमन्त्रीहरूको दोस्रो सम्मेलन भोलिदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ । विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले बिमस्टेकका विदेश मन्त्रीहरुको सम्मेलनको अध्यक्षता गर्नुहुने विदेश मन्त्रालयले जनाएको छ। सम्मेलनले समूहका सदस्यहरूलाई सुरक्षा, कनेक्टिभिटी, व्यापार र बङ्गालको खाडी र तटीय क्षेत्रमा लगानीलगायतका विभिन्न क्षेत्रमा सहयोग प्रगाढ बनाउने अवसर प्रदान गर्ने मन्त्रालयले जनाएको छ ।

गत वर्ष जुलाईमा थाइल्याण्डको बैंककमा पहिलो बिमस्टेक विदेश मन्त्रीहरुको सम्मेलन भएको थियो । बिमस्टेक बहुआयामिक सहयोगका लागि दक्षिण र दक्षिण-पूर्वी एसियाली सात राष्ट्रहरूको समूह हो।

<u>क्रिकेट</u>

हरारेमा भइरहेको भारत जिम्बाबे तेस्रो टी 20 क्रिकेट म्याचमा भारतले पहिला ब्याटिङ गर्दै जिम्बाबेलाई जितका लागि 183 रनको लक्ष्य दिएको छ। भारतले निर्धारित 20 ओवरमा 4 विकेट खर्च गरेर 182 रन बनायो।

ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउँदै जिम्मबाबेले 10 ओवरमा 5 विकेट खर्च गरेर 60 रन बनाएर खेलिरहेको छ। पाँच म्याचको सिरिजमा दुवै दलले एक एक म्याच जितेका छन्।